# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

प्रशारण निर्देशनालय

ग्रिड संचालन विभाग

## अत्तरिया ग्रिड महाशाखा,कैलाली

बोलपत्र नं.: **AGD/2082/083-09 (Lilam)**

लिलाम बढावढको बोलपत्र फाराम

बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समयः २०८२/१२/१२ दिनको १२:०० वजे

बोलपत्र खोल्ने मिति र समय : २०८२/१२/१२ दिनको १४:०० वजे

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

**प्रशारण निर्देशनालय**

**ग्रिड संचालन विभाग**

## अत्तरिया ग्रिड महाशाखा,कैलाली

| सि.न. | विषय सूची | पेज नं. |
|---|---|---|
| १) | शिलवन्दी बोलपत्र सम्वन्धी सुचना | १ |
| २) | बोलपत्र दिने बारे निर्देशन तथा शर्तहरु | २-५ |
| ३) | लिलामी सामानको विवरण तथा अवस्थती तस्विरहरु | ६-१० |
| ४) | लिलाम सामान उठाई लैजाने सम्वन्धी निवेदन | ११ |
| ५) | नमुना बैंक जमानत (Bid Security Bank Guarantee) | १२ |
| ६) | लिलाम गरिने सामानहरुको विस्तृत मूल्य पत्र **(Bill of Quantity)** विवरण | १३ |

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

**प्रशारण निर्देशनालय**

**ग्रिड संचालन विभाग**

**अत्तरिया ग्रिड महाशाखा,कैलाली**

## लिलाम बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/१२**

नेपाल बिद्युत प्राधिकरण, अत्तरिया ग्रिड महाशाखा, कैलाली अन्तर्गत अत्तरिया र लम्की सबस्टेशनमा रहेका बेकम्मा भई काम लाग्न नसक्ने, टुटफुट भएका जलामजन्य खाली तारका ड्रमहरु र तेलका खाली ड्रमहरु जे जस्तो अवस्थामा छ सोहि अवस्थामा सिलबन्दी बोलपत्रवाट लिलाम बढावढ गरी बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट रितपुर्वक सिलबन्दी बोलपत्रको आवेदन आह्वान गरिन्छ । आवेदन साथ व्यक्तिको हकमा पान दर्ताको प्रमाण पत्र र फर्मको हकमा फर्म रजिष्टर्ड भएको, भ्याटमा दर्ता भएको तथा आयकर प्रमाणपत्र नविकरण गरिएको प्रमाणित कागजातहरु संलग्न गरिएको हुनुपर्नेछ । बोलपत्र सम्बन्धी कागजात **www.bolpatra.gov.np/egp** बाट डाउनलोड गरी e-bidding मार्फत दर्ता गर्न सकिने छ ।

| क .सं | कार्यको विवरण | बोलपत्र नं. | सिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | सिलबन्दी बोलपत्र बुझाउने अन्तिम मिति र समय | सिलबन्दी बोलपत्र को बिक्री दस्तुर रु. | बिड वण्ड रकम | बोलपत्र खोल्ने समय र स्थान | बैङ्क खाता नं |
|---|---|---|---|---|---|---|---|---|
| १ | बेकम्मा भइ काम लाग्न नसक्ने, टुटफुट भएका भनि भौतिक निरिक्षणबाट किटान भएका खाली तारका ड्रमहरु र तेलका ड्रमहरु **(न्युनतम लिलाम मुल्य १५,७८,६०५।०० भ्याट सहित)** | **AGD/2082/083-09 (Lilam)** | २०८२/१२/१२ गते दिनको १२.०० बजे सम्म । | २०८२/१२/१२ गते दिनको १२.०० बजे सम्म । | **रु.१५००** को सक्कल बैंङ्क भौचर (नविल बैंङ्क लि.) पछि फिर्ता नहुने । | कबोल गरेको अंकको १० प्रतिशतले हुने नगद रकम जम्मा गरेको सक्कल बैंक भौचर वा सोहि रकम बराबरको नब्बे दिन अवधि रहेको “क” श्रेणीको बाणिज्य बैंकले जारी गरेको जमानत पत्र । | E- Bidding मार्फत दर्ता गरिनुपर्ने, २०८२/१२/१२ गते दिनको १४:०० बजे अत्तरिया ग्रिड महाशाखा, कैलालीमा खोलिने । | A/C No. 00201017505424 NEA Attaria Grid Branch |

## लिलामी बढाबढको बोलपत्र आव्हान सम्बन्धी निर्देशन तथा शर्तहरु

### १. बोलपत्रको आधार :

यस बोलपत्रमा उल्लेखित बोलपत्र दिने निर्देशन तथा शर्तहरु तथा निम्न कागजातहरु अनुसार कार्यान्वित हुनेछ ।
क) बोलपत्र सम्वन्धी सूचना,
ख) बोलपत्रका शर्तहरु
ग) परिमाणको मूल्य पत्र ( तोकिए बमोजिमको)
घ) बोलपत्र सम्वन्धी अन्य कागजातहरु

### २. बोलपत्र खरिद तथा दर्ता :

बोलपत्रदाताले सम्पूर्ण सामानहरु एकमुष्ट लिनु पर्ने भएकोले सम्पूर्ण सामानहरुको परिमाणको एकमुष्ट मूल्य उल्लेख गर्नु पर्नेछ । बोलपत्र सम्वन्धी विवरणहरु प्रष्ट नभएमा नेपाल विद्युत प्राधिकरण अत्तरिया ग्रिड महाशाखा, अत्तरियामा सम्पर्क राखी वा लिखित सूचना दिई सम्वन्धित विवरण लिएर मात्र बोलपत्र दाखिला गर्नु पर्नेछ । बोलपत्र फारम सूचनामा प्रकाशित भए अनुरुप यस कार्यालयबाट सूचनामा उल्लेख भए अनुसारको रकम बैंक दाखिला गरेको सक्कल भौचर वा नब्बे दिन अवधी रहेको नेपाल राष्ट्र बैंकबाट अनुमती प्राप्त '**क**'श्रेणीको बाणिज्य बैंकबाट जारी गरेको बैंक जमानत पत्र  पेश गरी E-Bidding द्वारा बोलपत्र खरिद गर्न सकिनेछ । खरिद गरिएको बोलपत्र फाराम यस कार्यालयबाट प्रकाशित सूचना बमोजमको मिति र समयमा E Bidding मार्फत दर्ता गरी सक्नुपर्नेछ ।

### ३. परिमाणको ब्याख्या :

लिलाम बिक्रि गर्न लगिएका ३४,५४५ के.जी. केवल ड्रमका फलामजन्य कवाड र ५६० के.जी. ट्रान्सफर्मर आयलका खाली ड्रमहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा कार्यालयवाट गठित समिति द्धारा यकिन गरी सफल बोलपत्रदातालाई हस्तान्तरण गरिने छ ।

### ४. स्थलगत निरिक्षण :

बोलपत्रदाताले बोलपत्र दाखिला गर्नु अधि लिलाम हुने सामानहरुको निरिक्षण गर्न चाहेमा यस अत्तरिया ग्रिड महाशाखाको अत्तरिया र लम्की सवस्टेशनमा सर्म्पक गरी दिनको १:०० बजे देखि ५:०० बजे सम्मको अवधिमा लिलाम सामानको निरिक्षण गर्न सक्नेछ । बोलपत्र दाखिला गर्नु अघि बोलपत्रदाताले लिलाम हुने सामानको स्थलगत निरिक्षण गरि बोलपत्र पेश गरेको मानिने हुँदा पछि बोलपत्रदाताले यस सम्वन्धमा कुनै पनि प्रकारको अनभिज्ञता प्रकट गर्न पाउने छैन ।

### ५. बोलपत्र भर्ने :

बोलपत्रदाताले कार्यालयबाट प्राप्त गरेको बोलपत्र फाराममा लेखिए बमोजिम सबै ब्यहोरा खुलाई प्रत्येक पानामा सहिछाप गर्नु पर्नेछ । बोलपत्रदाताले परिमाणको मूल्य पत्र (Bill of Quantity) को निर्दिष्ट स्थानमा दर र मूल्य,

अंक र अक्षरमा प्रष्ट लेखिएको हुनु पर्नेछ । अंकमा लेखिएको मुल्य प्रष्ट नभएमा वा अंक र अक्षरमा लेखिएको मुल्यमा फरक पर्न गएमा अक्षरमा लेखिएका मूल्यलाई मान्यता दिइनेछ ।

६. बोलपत्रको लागि जमानतः

बोलपत्रदाताले आफूले बोल कबुल गरेको कुल रकमको १०% (दश प्रतिशत) ले हुन आउने रकम ने.वि.प्रा.,अत्तरिया ग्रिड महाशाखा, अत्तरियाको नबिल बैंक लि.मा रहेको धरौटी हिसाव नं.००२०१०१७५०५४२४ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा सोहि रकम बराबरको नब्बे दिन अवधि रहेको नेपाल राष्ट्र बैंक बाट अनुमति प्राप्त 'क' श्रेणीको बाणिज्य बैंक बाट जारी गरेको बैंक जमानत पत्र संलग्न हुनुपर्ने । असफल बोलपत्रदाताको जमानत रकम सफल बोलपत्रदातासंग सम्झौता भै सकेपछि फिर्ता दिइनेछ ।

७. बोलपत्र दाखिला गर्ने :

कार्यालयबाट प्रकाशित सूचना बमोजिमको बोलपत्र दाखिला गर्दा बोलपत्र फाराममा माग गरीएका सम्पुर्ण विवरण उल्लेख गरी E-Bidding मार्फत बोलपत्र दाखिला गर्नु पर्नेछ । बोलपत्र फाराम, सूचनामा जनाए अनुसारको मिति र समय भित्र E-Bidding मार्फत दर्ता गराई सक्नु पर्नेछ । नियमानुसार दर्ता भएका बोलपत्रहरु, बोलपत्रदाताहरुको वा निजको प्रतिनिधिको रोहवरमा वा निजहरुको कोही उपस्थिती नभए ता पनि तोकिएको समयमा ने.वि.प्रा. अत्तरिया ग्रिड महाशाखाको अत्तरिया स्थित कार्यालयमा खोलिनेछ । दाखिला गर्ने वा खोलिने दिन विदा परेमा सो विदाको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा उपरोक्त अनुसार तोकिएको समयमा बोलपत्र दर्ता गरिने र खोलिने छ ।

८. सूचना पठाउने :

बोलपत्रमा बोलपत्रदातासंग आवश्यक पत्र व्यवहार गर्न सक्ने व्यवस्थाको लागि आफ्नो बसोवास स्थल वा कार्यालयको ठेगाना र टेलिफोन नं. तथा Email गर्ने ठेगाना समेत प्रष्टसंग उल्लेख गर्नु पर्नेछ। कार्यालयले बोलपत्रमा उल्लेख गरेको ठेगानामा कुनै पनि माध्यमबाट पठाईएको पत्रहरु निज कहाँ समय मै पुगेको मानिने छ ।

९. बोलपत्र अस्विकृत हुने अवस्था :साधारणतया तपशिलका अवस्थामा बोलपत्र अस्वीकृत हुनेछ ।

- Online मा राखिएको सक्कल बोलपत्र दाखिला नगरेमा ।
- बोलपत्र खरिद र दाखिला गर्ने ब्यक्ति वा फर्म एउटै भएमा ।
- माग अनुसारको जमानत रकम/जमानत पत्र बोलपत्र साथ संलग्न नभएमा ।
- व्यक्तीको हकमा पान दर्ताको प्रमाण पत्र, फर्मको हकमा फर्म रजिष्टर्ड भएको, भ्याट दर्ता भएको तथा आयकर प्रमाणपत्र नविकरण गरिएको प्रमाणित कागजातहरु संलग्न नभएमा
- बोलपत्र E-Bidding मा सोही वमोजिम प्राप्त नभएमा ।
- बोलपत्र फाराम र सो साथ संलग्न परिमाणको मूल्य पत्र तथा निर्दिष्ट ठाउँमा बोलपत्रदाताको सहि र छाप नभएमा

- बोलपत्र भर्नु पर्ने वाहेक अन्य कुराको कैफियत भएमा, परिमाण मूल्य सच्चाइएको ठाउँमा बोलपत्रदाताको सही नभएमा वा अन्य कुनै शर्त राखेमा ।
- एक बोलपत्रदाताले एक भन्दा वढी बोलपत्र दाखिला गरेमा ।
- बोलपत्र खरिद वापतको रकमको वैक भौचर संलग्न नभएमा ।
- Hard Copy को मध्यमबाट बोलपत्र प्राप्त हुन आएमा ।
- बोलपत्र दाखिला गर्ने मिति र समय भित्र बोलपत्र दाखिला नगरेमा ।

१०. बोलपत्र स्वीकृत :

सामान्यतया सबैभन्दा वढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत गरिने छ। तापनि कुनै कारण जनाई वा नजनाई अन्य बोलपत्र पुरा अंश स्वीकृत गर्ने, नगर्ने वा आँशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार ने.वि.प्रा.मा सुरक्षित रहनेछ ।

११. बोलपत्र अनुसारको रकम जम्मा गर्नु पर्ने :

बोलपत्र स्वीकृत भै सकेपछि सम्वन्धित बोलपत्रदातालाई निजको बोलपत्र स्वीकृत भएको जानकारी तुरुन्त दिइनेछ । जानकारी प्राप्त भएको मितिले १५ दिन भित्र आफूले कबोल गरेको सम्पूर्ण रकम यस ने.वि.प्रा.,अत्तरिया ग्रिड महाशाखा, अत्तरियाको नबिल बैंक लि.मा रहेको धरौटी हिसाव नं.००२०१०१७५०५४२४ मा जम्मा गरेको सक्कल बैंक भौचर साथ सामान उठाई लैजाने कार्यादेश पाउँ भनि निवेदन दिनु पर्नेछ। दिइएको समय भित्र रकम जम्मा गरी कार्यादेश माग गर्न नआएमा जमानत जफत गरि ने.वि.प्रा. को प्रचलित विनियम बमोजिम त्यस्तो फर्म वा ब्यक्तिलाई कालो सूचिमा दर्ता गरिने छ र सो भन्दा लगत्तै पछिको अर्को अधिकतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ |

१२. बोलपत्रको तुलना :

साधारणतया वढी रकम बोल कबोल गर्ने व्यक्ति वा फर्मको बोलपत्र स्वीकृत गरिनेछ । तर इकाई अनुसार मूल्यकोट गर्न दिइएकोमा ने.वि.प्रा.ले तुलना गर्दा इकाई अनुसार BOQ मा भएको परिमाणको आधारमा मुल्य तुलना गर्न पनि सकिनेछ ।

१३. सामान उठाई सक्नु पर्ने अवधि :

स्वीकृत भएको बोलपत्रदाताले कबुल गरेको सम्पूर्ण रकम तोकिएको समयावधी भित्रै तोकिएको बैंक खातामा जम्मा गरी कार्यादेश पाउन निवेदन दिएपछि ने.वि.प्रा.ले बढीमा एक हप्ता भित्र कार्यादेश दिनेछ र कार्यादेश दिएको ३० दिन भित्र सामान उठाई सक्नु पर्नेछ । बोलपत्रदाताले उल्लेखित सामानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा सामान रहेको स्थान ने.वि.प्रा.अत्तरिया ग्रिड महाशाखाको अत्तरिया र लम्की सवस्टेशनको स्टोरबाट एक मुष्ट रुपमा बुझेर लिनु पर्नेछ। सामान उठाउन समय नपुग हुने स्थितीको श्रृजना भएमा दरभाउपत्र दाताले लिखित रुपमा उचित कारण दर्शाइ अनुरोध गर्नु पर्नेछ। नेपाल विद्युत प्राधिकरणको सम्वन्धित कार्यालयलाई हानी

नोक्सानी नपुग्ने देखिएमा सिमित समयको लागि म्याद थप गर्न सक्नेछ । सामान उठाउन र ढुवानीमा लाग्ने सम्पूर्ण खर्च सहितको ब्यवस्था बोलपत्रदाताले गर्नु पर्नेछ। तोकिएको अवधि भित्र वा म्याद थप समेत नगराई सामान नउठाएमा बोलपत्रदाताले बोलपत्र बुझाउँदा धरौटी स्वरुपमा जमानत राखेको रकम साथै जम्मा गरेको सम्पूर्ण रकम जफत गरिनेछ ।

१४. <u>सामानको नाप, जाँच तथा गन्ति सम्वन्धमा</u> :

लिलाम सकार गरेको मालसामान जे जस्तो अवस्थामा छ, सोही अवस्थामा ने.वि.प्रा.अत्तरिया ग्रिड महाशाखाको अत्तरिया र लम्की सवस्टेशन कम्पाउण्डबाट उपलब्ध गराइने छ र सफल बोलपत्रदाताले ३४,५४५ के.जी. केवल ड्रमका फलामजन्य कवाड र ५६० के.जी. ट्रान्सफर्मर आयलका खाली ड्रमहरु आफनै तर्फबाट क्रेन, गाडी तथा कामदारहरु लगाई उठाई लैजानु पर्नेछ । लिलाम योग्य केवल ड्रम, ट्रान्सफर्मर आयलका खाली ड्रमफलामजन्य कवाड यकिन गरी सफल बोलपत्रदातालाई हस्तान्तरण गर्न कार्यालयद्धारा एक समिती गठन गरिने र सोही समितीले सो यकिन गरी सफल बोलपत्रदातालाई हस्तान्तरण गर्नेछ साथै वास्तविक गन्ति, तौल गर्दा थपघट परिणाम निर्धारण भएमा बोलपत्रमा कबोल गरेको प्रति के.जी. ⁄संख्या दररेट अनुसार नै बोलपत्रदाताले रकम थप गर्नुपर्ने भएमा थप रकम समेत कार्यालयको बैंक खातामा जममा गरेपछी मात्र सामान लैजाने अनुमती दिईनेछ । साथै रकम घटाउनु पर्ने भएमा पनि सोही बमोजिम गरिनेछ ।

१५. <u>कर तथा अन्य</u> :

लिलाम गरिएको सामानहरुमा लाग्ने कुनै पनि किसिमको कर रकम दस्तुर दण्ड जरिवाना नेपाल सरकार, जिल्ला विकास समिति, नगरपालिका, गाउँपालिका तथा अन्य निकायमा तिर्नु पर्ने भएमा बोलपत्रदाता स्वयमले ब्यहोर्नु पर्नेछ ।

१६. <u>बोलपत्र सम्वन्धी अन्य कानूनी कुराहरु</u> :

यस विषयमा कुनै पनि कानूनी कुरा उठन गएमा यस बोलपत्रमा उल्लेख भएका बुँदाहरुको लागि सोही अनुसार नभएमा नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली अनुसार हुनेछ । त्यसमा पनि उल्लेख नभएमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

नेपाल विद्युत प्राधिकरण
अत्तरिया ग्रिड महाशाखा,
अत्तरिया,कैलाली

## केवल ड्रमका फलामजन्य कवाड र ट्रान्सफर्मर आयलका खाली ड्रम हरुको विवरण तथा तस्विरहरु

| S.N. | Items | Weight(Kg) | Remarks (Locations) |
|---|---|---|---|
| 1 | Cable Drums | 34545 | Attaria S/S – 15645 Kg , Lamki- 18900 Kg |
| 2 | Oil Drums | 560 | Attaria S/S-200 Kg, Lamki S/S-360 Kg |




Pic1.Auction for Empty Cable Drums scrap materials at Lamki S/S.



Pic2.Auction for Empty Cable Drums scrap materials at Lamki S/S.



Pic3.Auction for Empty oil Drums scrap materials at Lamki S/S.




Pic4.Auction for Empty oil Drums scrap materials at Attaria S/S.



NEPAL ELECTRICITY AUTHORITY



Pic5.Auction for Empty Cable Drums scrap materials at Attaria S/S.

बोलपत्र नं. : **AGD/2082/083-09(Lilam)**

<u>कार्यको विवरण : लिलाम सामान उठाई लैजाने सम्वन्धमा ।</u>

श्री कार्यालय प्रमुखज्यू
ने.वि.प्रा. अत्तरिया ग्रिड महाशाखा,
अत्तरिया, कैलाली ,

महोदय,

हामीले त्यस कार्यालयबाट लिलाम बिक्री हुने सामानहरु हेर्‍यौ र सोसंग सम्वन्धित यसै साथ संलग्न बोलपत्रमा उल्लेख भएको सामानको परिमाणको मुल्य पत्र आदि कागजातहरु राम्रोसंग अधययन गरि हामी तल सहीछाप गर्नेले रु. ...................... (अक्षरुपी ............................................................) मा सबै समुह/समुह नं. ......................... मा उल्लेखित शर्त वा परिमाणको सम्पूर्ण सामानहरु उठाई लैजान मंजुर जनाई यो बोलपत्र पेश गरेका छौं ।

बोलपत्रदाता (फर्म) वा निजको प्रतिनिधिको

हस्ताक्षर :

मिति :

छाप :

बोलपत्रदाता (फर्म) वा संस्थाको

स्थायी ठेगाना :

पुरा नाम :

ठेगाना :

पत्रचारको ठेगाना (फो.नं. सहित) **Email :**

छाप :

# Bid Security
**Bank Guarantee**

***Bank's Name, and Address of Issuing Branch or Office***
***(On Letter head of the 'A' class Commercial Bank)***

Beneficiary: .............................. ***name and address of Employer*** ……………………………………….
Date: ……………………………………………………………………………………………...
Bid Security No.: ..........................................................................................................................
We have been informed that . …………. .***[insert name of the Bidder]*** (hereinafter called "the Bidder") intends to submit its bid (hereinafter called "the Bid") to you for the execution of …………... ***name of Contract*** . …………… under Invitation for Bids No. ……………… ("the IFB").

Furthermore, we understand that, according to your conditions, bids must be supported by a bid guarantee.
At the request of the Bidder, we…………………. . ***name of Bank***. ……………….. hereby irrevocably undertake to pay you any sum or sums not exceeding in total an amount of . . ………...***amount in figures*** ………………………. (. ………….. .***amount in words*** ……………….) upon receipt by us of your first demand in writing accompanied by a written statement stating that the Bidder is in breach of its obligation(s) under the bid conditions, because the Bidder:

(a) has withdrawn or modifies its Bid during the period of bid validity specified by the Bidder in the Form of Bid; or
(b) does not accept the correction of errors in accordance with the Instructions to Bidders (hereinafter "the ITB"); or
(c) having been notified of the acceptance of its Bid by the Employer during the period of bid validity, (i) fails or refuses to execute the Contract Agreement, or (ii) fails or refuses to furnish the performance security, in accordance with the ITB.
(d) is involved in fraud and corruption in accordance with the ITB

This guarantee will remain in force up to and including the date ………***number***…………days after the deadline for submission of Bids as such deadline is stated in the instructions to Bidders or as it may be extended by the Employer, notice of which extension(s) to the Bank is hereby waived. Any demand in respect of this guarantee should reach the Bank not letter than the above date.

This Bank guarantee shall not be withdrawn or released merely upon return of the original guarantee by the Bidder unless notified by you for the release of the guarantee.

This guarantee is subject to the Uniform Rules for Demand Guarantees, ICC Publication No. 758.

***. . .Bank's seal and authorized signature(s) . . .***

**Note:**

The bid security of ………..……………. has been counter guaranteed by the Bank ……..……….. ...…… on …………... ................................................ ...……..………. (Applicable for Bid Security of Foreign Banks).

**NEPAL ELECTRICITY AUTHORITY**
**Transmission Directorate**
**Grid Operation Department**
**Attaria Grid Division**

लिलाम गरिने सामानहरुको विस्तृत मूल्य पत्र **(Bill of Quantity)** विवरण
बोलपत्र नं. : **AGD/2082/083-09 (Lilam)**

| S.N. | Description of Work | Unit | Qty | Rate | In Words | Amount | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | केवल ड्रमका फलामजन्य कवाड जे जस्तो अवस्थामा छ | Kg | 34545 | | | | |
| 2 | ट्रान्सफर्मर आयलका खाली ड्रमका फलामजन्य कवाड जे जस्तो अवस्थामा छ | Kg | 560 | | | | |
| | **Total** | | | | | | |
| | **VAT (13%)** | | | | | | |
| | **Grand Total** | | | | | | |

**जम्मा कवोल रकम**
**अक्षरुपी** रु.........................................................................................................
.....................................................................................................................।

बोलपत्रदाताको दस्तखत :

बोलपत्रदाताको नामः

मिति :

फर्मको छाप :